प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

गोदावरी, कैलाली

# युवा लक्षित पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

प्रदेश सरकार (मन्त्रिपरिषद)को मिति २०७५।०८।१२ गतेको निर्णयबाट स्वीकृत

# युवा लक्षित पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७५

प्रस्तावना : प्रदेश सरकारको आर्थिक वर्ष २०७५।७६को नीति तथा कार्यक्रमको बुँदा नं. १२ मा समावेशी आर्थिक विकासमा जोड दिन र युवा रोजगारी सिर्जना गरि गरिवी न्यूनिकरण गर्न समन्वयात्मक तवरबाट अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना तथा कार्यक्रम संचालन गर्ने नीति, आर्थिक वर्ष २०७५।७६मा पशुपन्छी तर्फ विनियोजित वजेटको वजेट शिर्षक नं.७०७३५३५१ खर्च शिर्षक नं. २२५२२ मा युवा लक्षित व्यावसायिक गाई, भैसी, भुनी, भेडा प्रवर्द्धन कार्यक्रम लक्ष्य रहेको हुँदा उक्त युवा लक्षित व्यावसायिक पशुपालन प्रवर्द्धन कार्यक्रम संचालन गरेर ग्रामिण क्षेत्रको वैदेशिक रोजगारी माथिको बढ्दो निर्भरतालाई कम गर्न र व्यावसायिक पशुपालनको माध्यमबाट स्वरोजगार सिर्जना गरि यूवा जनशक्तिको विदेश पलायनलाई निरुत्साहित गर्न तथा दुध र मासु उत्पादनमा आत्मनिर्भर हुन प्रदेश सरकार (मन्त्रिपरिषद) बाट "युवा लक्षित पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" तयार गरी लागु गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम "भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तरगत संचालित "युवा लक्षित पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" रहनेछ।

(२) यो कार्यविधि प्रदेश सरकार (मन्त्रिपरिषद) बाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा :(१) बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यालय" भन्नाले भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बुझ्नु पर्छ ।

(ख) "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, दिपायल बुझ्नु पर्छ ।

(ग) "पशु" भन्नाले आयआर्जनका लागि पालिने गाई, भैसी, भेडा, बंगुरसमेतलाई जनाउने छ ।

(घ) "मन्त्रालय" भन्नाले भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुदुरपश्चिम प्रदेश बुझ्नु पर्छ ।

(ङ) "महाशाखा" भन्नाले मन्त्रालयको पशुपन्छी विकास महाशाखा बुझ्नु पर्छ।

(च) "मूल्याङ्कन समिति" भन्नाले युवा लक्षित कार्यक्रममा आयोजना प्रस्ताव छनौट, मूल्याँङ्कन, अनुगमन गर्न गठन गरिएको दफा (९) बमोजिमको समितिलाई बुझ्नु पर्छ ।

(छ) "युवा लक्षित कार्यक्रम (युथ फोकस्ड प्रोगाम)" भन्नाले युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न प्रविधि, तालिम तथा व्यवसायिक पशु उत्पादन गाई, भैसी, बंगुर (भुनी), भेडा प्रवर्द्धन कार्यक्रम भन्ने बुझ्नुपर्छ।

(ज) "युवा" भन्नाले युवा लक्षित कार्यक्रम संचालन गर्न चाहने १८ देखि ४० वर्षसम्मका नेपाली नागरिक भन्ने बुझ्नु पर्छ ।

(झ) "स्कीम/परियोजना" भन्नाले पशु उत्पादन व्यवसायिक गाई, भैसी, भेडा, भुनी प्रवर्द्धन कार्यक्रम संचालनको लागि तयार गरिएको प्रस्ताव बुझ्नु पर्छ ।

३. कार्यक्रमको उद्देश्य: (१) यस युवा लक्षित, कार्यक्रमका उद्देश्य देहाय बमोजिम हुनेछन् ।

(क) गाई, भैसी, भेडा, बंगुरपालन सम्वन्धि व्यवसाय संचालनको लागि आवश्यक पर्ने प्रविधि तथा प्रतिस्पर्धी अनुदान प्रदान गर्ने ।

(ख) व्यवसायिक पशुपालन प्रविधिहरु कृषकस्तरमा अनुसरण गराउने ।



सचिव

(ग) स्वदेशमा स्वरोजगारका अवसर सिर्जना गरि रोजगारीको लागि यूवा विदेशिने क्रमको न्यूनिकरण गर्न सहयोग पुऱ्याउने ।

(घ) गाई, भैसी, भेडा, बंगुरको व्यवसायिकरणबाट दुध र मासु उत्पादन तथा व्यवसायिक पद्धतिको अवलम्वन गरि उत्पादन तथा उत्पादकत्व वृद्धि र आयात प्रतिस्थापनमा टेवा पुऱ्याउने ।

(ङ) युवाहरुको आयआर्जनमा टेवा पुऱ्याई कृषक परिवारको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउने।

(च) यस प्रदेशलाई पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर बनाउने ।

## परिच्छेद २

## युवा लक्षित विशेष पशुउत्पादन कार्यक्रम

४. **कार्यक्रम संचालन हुने क्षेत्रहरु** : (१) यस कार्यक्रमको छनौट र सञ्चालन कार्यालयले कार्यविधि अनुसार गर्नुपर्नेछ ।

(२) कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमका क्षेत्र छनौट गरिनेछ ।

(क) युवा लक्षित व्यावसायिक गाई, भैसी प्रवर्द्धन कार्यक्रम : कैलाली, कन्चनपुर, डोटी, डडेल्धुरा, बाजुरा र अछाम जिल्लाहरुमा ।

(ख) युवा लक्षित व्यावसायिक भेडा प्रवर्द्धन कार्यक्रम : बझाङ्ग, बाजुरा र दार्चुला जिल्लाहरुमा ।

(ग) युवा लक्षित व्यावसायिक भुनी प्रवर्द्धन कार्यक्रम : कैलाली, कन्चनपुर, बझाङ्ग, बाजुरा र अछाम जिल्लाहरुमा।

५. **लक्षित वर्ग:** सकृय मानव संसाधनको रुपमा रहेका १८ देखि ४० वर्ष उमेरका पशुपालनमा संलग्न वा सो व्यवसाय शुरु गर्न चाहने स्थानिय तह वा प्रदेश सरकार वा नेपाल सरकारमा नियमानुसार दर्ता भएका निजी फार्म/समुह/समिति/सहकारीमा आवद्ध कृषकहरु यस कार्यक्रमको प्राथमिकतामा पर्नेछन ।

६. **व्यवसायिक पशुपालन फार्म:** (१) यस कार्यक्रम अन्तरगत देहायअनुसारका पशुपालन फार्म रहनेछन्।

(क) गाई, भैसी फार्म कार्यक्रम प्रयोजनको लागि न्यूनतम ५ वटा प्रजननयोग्य माउ गाई, भैसीपालन गरिरहेका वा सो संख्यामा गाई वा भैसीपालन गरि व्यवसाय शुरु गर्ने फार्महरुलाई साना व्यवसायिक गाई वा भैसी फार्म मानिने छ।

(ख) भेडा फार्म कार्यक्रम प्रयोजनको लागि न्यूनतम २० वटा प्रजननयोग्य माउ भेडापालन गरिरहेका वा सो संख्यामा भेडापालन गरि व्यवसाय शुरु गर्ने फार्महरुलाई व्यवसायिक भेडा फार्म मानिने छ ।

(ग) बंगुर फार्म कार्यक्रमको प्रयोजनका लागि न्यूनतम ५ वटा प्रजननयोग्य (भूनी माउ) बंगुरपालन गरिरहेका वा सो संख्यामा बंगुरपालन गरि व्यवसाय शुरु गर्ने फार्महरुलाई साना व्यवसायिक बंगुर फार्म मानिने छ ।

सचिव

## परिच्छेद ३
## अनुदान रकम

७. **कार्यक्रमबाट उपलब्ध गराईने अनुदान रकमः** (१) पशुपन्छीतर्फ युवा लक्षित व्यवसायिकगाई, भैसी, भेडा, भुनी प्रवर्द्धन खर्च शिर्षकमा वजेट विनियोजन भएअनुसार हुनेछ ।

(क) गाई, भैसी, भेडा, बंगुरपालन फार्म स्थापना वा सुदृढिकरणका लागि गाई,भैसीपालन गर्न बढीमा अनुदान रकम पचहत्तर प्रतिशत र कृषक स्वयंले अनुदानको पचिस प्रतिशतले लगानी गरी कार्ययोजना पेश गर्नुपर्नेछ ।

८. **अनुदान रकमको उपयोगः** यस कार्यक्रमबाट उपलब्ध हुने रकम व्यवसायीहरुले उन्नत नस्लका पशु खरिद तथा सम्वन्धित पशुको गोठ वा खोर, निर्माण वा सुधार, जैविक सुरक्षाको लागि फेन्सिङ, डिपिङ्ग टयाङ्कका क्रियाकलापहरु उपयोग गर्न सक्नेछन् ।

तर यो रकमबाट पशुको दाना, औषधि, खनिज पदार्थ लगाएतका खपत हुने सामग्रीहरु खरिद गर्न पाईने छैन ।

## परिच्छेद ४
## कार्यक्रम सञ्चालन

९. **कार्यक्रम सञ्चालन प्रकृयाः** (१) युवा लक्षित व्यावसायिक प्रवर्द्धन कार्यक्रमको सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ।

(क) प्रस्ताव आव्हान : व्यावसायिक गाई, भैसी, भेडा, बंगुर फार्म स्थापना वा सुदृढिकरणका लागि कार्यक्रम कार्यालयमा प्रस्ताव आव्हान गरिनेछ। प्रस्ताव आव्हानको सूचना अनुसुची-१ बमोजिम र अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र तथा संक्षिप्त कार्ययोजना प्रस्ताव क्रमशः अनुसुची- ३ वा ३(क) वा ३ (ख) बमोजिम हुनेछ।

(ख) प्रस्ताव मूल्याङ्कन तथा छनौटः खण्ड (क) को आह्वान बमोजिम पेश हुन आएका प्रस्तावहरुलाई खण्ड (ग) अनुसार गठन हुने मूल्याङ्कन तथा छनौट समितिले अनुसूची-५ वा ५(क) वा ५(ख) अनुसार मूल्याङ्कन र फिल्ड प्रमाणिकरण गर्नेछ ।

(ग) प्रस्ताव मूल्याङ्कन तथा छनौट समितिः

| | | |
|---|---|---|
| १. | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुख | संयोजक |
| २. | पशुपन्छी विकास महाशाखा प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि | सदस्य |
| ३. | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको प्रमुखले तोकेको अधिकृत प्रतिनिधि | सदस्य |
| ४. | सम्वन्धि कार्यालयको आर्थिक प्रशासन हेर्ने १ जना प्रतिनिधि | सदस्य |
| ५. | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको कार्यक्रम हेर्ने फोकल अधिकृत | सदस्य सचिव |

१०. **छनौट भएका व्यवसायीसंग सम्झौता** : कार्यालयद्धारा छनौट गरिएका प्रस्तावहरुलाई अनुसूचि ४ बमोजिमको द्विपक्षिय सम्झौता गराईने छ ।

११. **छनौट भएका प्रस्तावकको सम्झौता गर्ने दायित्व** : छनौट समितिमा पेश भई स्वीकृत प्रस्तावहरुका प्रस्तावकलाई अनुदान प्रदान गर्नका लागि अनुसूचि-४ बमोजिम सम्झौता गर्ने दायित्व सम्वन्धित कार्यालयको हुनेछ ।



सचिव

१२. छनौट भएका व्यवसायीलाई रकम उपलब्ध गराउने तरिका : (१) मूल्याँङ्कन समितिले छनौट गरेका दफा (६) को उपदफा (१) अनुसारका फार्महरुलाई दफा (७) को उपदफा (१) बमोजिमको रकम दुई किस्तामा उपलब्ध गराईनेछ।

(२) पहिलो किस्ता कार्य योजना अनुसारको ५० प्रतिशत कार्य सम्पन्न भए पछि र दोश्रो किस्ता स्थलगत प्राविधिक अनुगमन पश्चात कार्य सम्पन्न भएको सिफारिस सम्वन्धित निकायबाट प्राप्त भएपछि अनुदानग्राही वा फर्मको खातामा अनुदान रकम उपलब्ध गराईनेछ ।

## परिच्छेद ५

## विविध

१३. अनुगमन तथा मूल्याङ्कन :(१)मन्त्रालय वा निर्देशनालय वा कार्यालयरुबाट नियमित अनुगमन गरि लिखित प्रतिवेदन समेत पेश गरिनेछ ।

(२) सम्वन्धित युवा उद्यमीले अनुसूची-६ बमोजिम चौमासिक तथा बार्षिक प्रगति विवरण तयार गरी कार्यालयमा पेश गर्नुपर्नेछ ।

१४. विमा : पशुपालन फार्महरुले हरेक युवा लक्षित स्किम अन्तरगत अनिवार्य विमा गराउनु पर्नेछ ।

१५. कार्वाहीको व्यवस्था :प्रस्ताव स्वीकृत भएका युवा कृषकहरुले स्किम र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाईएमा प्रचलित ऐन, नियम तथा कानुन बमोजिम कारवाही गरी सरकारी रकम असुल उपर गरिनेछ ।

१६. प्रचलित कानुन लागु हुने :युवा लक्षित कार्यक्रम कार्यान्वयनको सम्वन्धमा प्रचलित कानुनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ ।

१७. कार्यविधि संशोधन तथा परिमार्जन : प्रदेश सरकार, मन्त्रिपरिषदबाट यस कार्यविधिमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सकिनेछ।

सचिव

अनुसूची -१

प्रस्ताव आव्हानको सूचना

प्रदेश सरकार

सुदूर पश्चिम प्रदेश

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र...........

अनुदानको लागि प्रस्ताव आव्हान सम्वन्धी सूचना

प्रकाशित मिति......................,

यस.................को आ.व.२०..../........को बार्षिक स्विकृत कार्यक्रम अनुसार युवाहरुलाई सहकार्यमा ............पालनको माध्यमबाट स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम भएको हुँदा नयाँ फार्म स्थापना/भईरहेको फार्म सुदृढिकरणका लागि सुदुरपश्चिम प्रदेशको ...........गाउपालिका वा नगरपालिका वा उपमहानगरपालिकामा बसोवास गरेका ईच्छुक १८ देखि ४० वर्ष उमेरका युवायूवतीबाट निम्न अनुसार हुने गरी प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१) उन्नत नस्लका पशु खरिद तथा सम्वन्धित पशुको गोठ, खोर, निर्माण वा सुधार, जैविक सुरक्षाको लागि फेन्सिङ, डिपिङ्ग ट्याङ्क आवश्यक उपकरण/समाग्री खरिद ढुवानीमा उपयोग गर्न सक्नेछ।

२) अनुदान कार्यक्रम माथि उल्लेखित..............................................जिल्लाहरुमा लागु हुनेछ।

३) प्रस्तावकले कम्तिमा अनुदान रकमको पचिस प्रतिशत स्वयं लगानी गर्ने गरी कार्य योजना पेश गर्नुपर्नेछ।

४) प्रस्तावकले यो सूचना प्रकाशन भएको मितिले एक्काईस दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराम र कार्ययोजना प्रस्ताव सम्वन्धित भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा पेश गर्नुपर्नेछ ।

५) आवेदन फाराम तथा कार्य योजना प्रस्तावको नमुना सम्वन्धित पशुपन्छी विकास महाशाखा वा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय वा भेटेरीनरी अस्पताल तथा पशु सेवा कार्यालयबाट उपलब्ध हुनेछ ।

६) कुनै पनि सरकारी निकायबाट बिगत दुई वर्ष भित्र रु.५००००।०० माथि वस्तुगत तथा नगद अनुदान प्राप्त गरी कार्य सन्तोषजनक नभएका फार्म छनौट प्रक्रियामा समावेश गरिने छैन ।

७) आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न गर्न यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

तपसिल

१) अनुसूचि २ बमोजिम तोकिएको ढाँचाअनुसारको निवेदन फाराम

२) अनुसूचि ३ वा ३(क) वा ३(ख) बमोजिम तोकिएको ढाँचा अनुसारको संक्षिप्त कार्ययोजना

३) नेपाली नागरिकताको प्रतिलिपी

४) फार्म दर्ता नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपी

५) घाँस विकासका लागि भाडामा जग्गा लिएको भए सम्झौताको प्रतिलिपी

६) व्यवसाय संचालन गर्नको लागि सम्वन्धित स्थानिय तहको सिफारिस पत्र

७) परियोजना छनौट भएमा कार्यान्वयन गर्ने निर्णय तथा प्रतिवद्धता

बिस्तृत जानकारीको लागि : भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ........को फोन नम्वर...........



सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी-कैलाली, नेपाल

अनुसूची - २

युवा लक्षित कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र

श्रीमान.............................ज्यू

.........................................

.................................

बिषय : युवा लक्षित अनुदान सहयोग कार्यक्रम उपलब्ध गराई दिने बारे ।

महोदय,

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ...........बाट मिति ................मा प्रकाशित सूचना अनुसार मलाई उक्त अनुदान सहयोग प्राप्त गरी..........................कार्य गर्न तिव्र ईच्छा भएकोले तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखि निवेदन गर्दछु ।मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्वन्धित क्षेत्र भित्र रही कार्य गर्नेछु ।

तपसिल

१. अनुसूचि ३ वा ३ (क) वा ३ (ख) अनुसारको संक्षिप्त कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
३. फर्म दर्ता प्रमाण-पत्रको प्रतिलिपी
४. जग्गा भाडा सम्झौतापत्रको प्रतिलिपीहरु
५. पर्यावरणीय असरको न्यूनिकरण गर्ने उपाय र जैविक सुरक्षा सम्वन्धि विवरण
६. परियोजना छनौट भएमा कार्यान्वयन गर्ने निर्णय तथा प्रतिवद्धता

निवेदकको

नामः

दस्तखतः

संस्था :

ठेगानाः



सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी-कैलाली, नेपाल

अनुसूची -३

## युवा लक्षित कार्यक्रम अवधारणाको संक्षिप्त व्यावसायिक कार्ययोजना

## युवा लक्षित व्यावसायिक गाई, भैसी पालन कार्यक्रम

फार्मको नाम : सम्पर्क नम्वर :

ठेगानाः गाउ/टोल वडा नं.: उ.म.न.पा./न.पा./गा.पा. :

जिल्ला : निर्वाचन क्षेत्र :

गाई, भैसी पालन गरिने स्थान :

युवा/साझेदारी व्यावसायिक गाई, भैसी पालनमा संचालन गरिने कार्य विवरण :

| क्र.सं. | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान सहयोग (रु.) | नीजि लगानी (रु.) | जम्मा लगानी (रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

युवा/पशु उत्पादन व्यावसायिक कार्य गर्ने व्यावसायीले न्यूनतम अनुदान रकम को पचिस प्रतिशत रकम स्वयं व्यहोर्ने गरि प्रस्तावित योजनामा समावेस गर्नुपर्ने छ ।

गाई, भैसी पालन गरेको भए, विगत कति वर्ष देखि गाई, भैसीपालन निरन्तर गरिरहेको ?

वर्ष.............महिना............

गाई वा भैसीको जात :

गाई वा भैसीको संख्या : साँढे वा राँगोको संख्या :

गाई वा भैसीपालन पद्धति :

घाँस खेती गरेको वा गरिने क्षेत्रफल :

घाँसको किसिम :

डालेघाँसको किसिम र संख्या :

व्यवसायको लागि श्रमको व्यवस्थापन :क) पारिवारिक : महिला संख्या : पूरुष संख्या :

ख) बाहिरबाट : महिला संख्या : पूरुष संख्या :

ग) जम्मा : महिला संख्या : पूरुष संख्या :

उत्पादित वस्तुको वजार :

अपेक्षित वार्षिक प्रतिफल :

फार्मको सञ्चालनको तर्फबाट सहि गर्नेको :

नाम : संस्थाको छाप :

पद :

दस्तखत : मिति :



सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली, नेपाल

अनुसूची -३(क)

## युवा लक्षित कार्यक्रम अवधारणाको संक्षिप्त व्यावसायिक कार्ययोजना

## व्यावसायिक भेडा फार्म प्रवर्द्धन कार्यक्रम

१) फार्मको परिचय :

२) उद्देश्यहरु :

३) भेडापालन व्यवसायमा अनुभव :

४) व्यवसाय संचालन गरिने स्थानको संक्षिप्त विवरण :

५) व्यवसाय संचालनका लागि रहेका पूर्वाधार :

६) सहकार्यमा संचालन गरिने प्रस्तावित कार्य विवरण :

| क्र.सं. | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान सहयोग (रु.) | नीजि लगानी (रु.) | जम्मा लगानी (रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा | | | | |

नोट : सहकार्यमा भेडापालन गर्ने व्यावसायि/फार्म न्युनतम अनुदान रकमको पचिस प्रतिशत रकम स्वयं व्यहोर्ने गरि प्रस्तावित योजनामा समावेस गर्नुपर्ने छ ।

७) उत्पादित वस्तुको वजार योजना :

८) अपेक्षित बार्षिक प्रतिफल :

९) भेडापालन गरेको भए, विगत कति वर्ष देखि भेडापालन निरन्तर गरिरहेको ? वर्ष...........महिना.........

१०) भेडाका जातहरु :

११) भेडाको संख्या : माउको संख्याः पाठापाठीको संख्या : थुमाको संख्या :

१२) डालेघाँस वा घाँस खेती गरेको वा गरिने क्षेत्रफल :

१३) डालेघाँस वा घाँसको किसिम :

प्रस्ताव पेश गर्ने

फर्मको नाम : सम्पर्क नम्वर :

ठेगानाः गाउ/टोल वडा नं.: उ.म.न.पा./न.पा./गा.पा. :

जिल्ला : निर्वाचन क्षेत्र :

भेडापालन गरिने स्थान :

फर्मको तर्फबाट सहि गर्नेको :

नाम : संस्थाको छाप :

पद :

दस्तखत :

मितिः



सचिव

अनुसूची - ३(ख)

युवा लक्षित कार्यक्रम अवधारणाको संक्षिप्त व्यावसायिक कार्ययोजना

युवा लक्षित व्यावसायिक बंगुरपालन कार्यक्रम

र्म नाम : सम्पर्क नम्वर :

नाः गाउ/टोल : वडा नं.: उ.म.न.पा./न.पा./गा.पा. :

ला : निर्वाचन क्षेत्र :

र पालन गरिने स्थान :

कार्यमा संचालन गरिने प्रस्तावित कार्य विवरण :

| .सं. | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान सहयोग (रु.) | नीजि लगानी (रु.) | जम्मा लगानी (रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| मा | | | | |

: सहकार्यमा बंगुरपालन गर्ने फर्मले न्युनतम अनुदान रकम पचिस प्रतिशत रकम स्वयं व्यहोर्ने गरि प्रस्तावित ननामा समावेस गर्नुपर्ने छ ।

र पालन गरेको भए, विगत कति वर्ष देखि बंगुरपालन निरन्तर गरिरहेको ? वर्ष.............महिना............

रको जात :

रको संख्या : माउको संख्या : पाठापाठीको संख्याः प्रजनन भालेको संख्या : अन्य बंगुरको संख्या

रपालन पद्धति :

रपालन सुरु गर्ने भए पालन गरिने जात :

रको संख्या : प्रजनन भालेको संख्या : मासुको लागि पालन गर्ने भएमा संख्या :

को अवस्था : क) परम्परागत ख) सुधारिएको ग) आधुनिक

सायको लागि श्रमको व्यवस्थापन क) पारिवारिक ख) बाहिरबाट ग) दुवै

ादित वस्तुको वजार योजना :

क्षित बार्षिक प्रतिफल :

ाव पेश गर्ने

र्मको तर्फबाट सहि गर्नेको

:संस्थाको छाप :

:

खत :

:



सचिव

अनुसूची -४

## युवा लक्षित कार्यक्रम संचालनको लागि गरिने सम्झौता-पत्र

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, .............मार्फत संचालन गरिने चालु आ.व............को स्वीकृत लक्षित...........कार्यक्रम संचालन गर्न कार्यालय,.............(यस भन्दा पछाडी पहिलो पक्ष भनिने) विशिष्टताको आधारमा छनौट भएका फार्मका...........श्री/सुश्री/श्रीमती............(यस भन्दा पछाडी दोश्रो पक्ष मानिने) वीच तपसिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ।

तपसिल

१) प्रस्तावित.........कार्यक्रम जिल्ला...........उ.म.न.पा./न.पा./गा.पा.........वडानं.....टोल....... को .......... ठाउँमा मिति....................सम्ममा सम्पन्न गरिनेछ ।

२) दोश्रो पक्षले स्वलगानी वापतको कार्य सम्पन्न गरी सकेपछिपहिलो किस्ता वापतको ५० प्रतिशत रकम भूक्तानीको लागि दोश्रो पक्षले बिल भरपाई पेश गर्नुपर्ने छ । पहिलो पक्षले प्राविधिक मूल्यांङ्कन प्रतिवेदन पेश गरे पश्चात मनासिव ठहरेमा दोश्रो पक्षलाई पहिलो किस्ता वापतको रकम भुक्तानी दिनेछ ।

३) दोश्रो किस्ता वापतको बाँकि ५० प्रतिशत रकम कार्य सम्पन्न भए पछि दोश्रो पक्षले आवश्यक कागजातहरु पेश गर्नेछ र पहिलो पक्षले प्राविधिक मूल्यांङ्कन प्रतिवेदन पेश गरे पश्चात एकमुष्ठ भूक्तानी दिनेछ ।

४) पहिलो पक्षले नियमित रुपमा व्यवसाय सञ्चालन गरे नगरेको अनुगमन गरी प्रतिवेदन पेश गर्नेछ ।

५) गाई वा भैसी वा बंगुर वा भेडापालन गर्ने व्यवसायी कृषकहरुले पशु विमा अनिवार्य गर्नुपर्ने छ ।

६) यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपदमा पहिलो पक्ष जिम्मेवार हुने छैन ।

७) सम्झौतामा उल्लेख हुन छुटेका बिषयको हकमा प्रचलित नियम कानुन र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

८) प्रस्तावित कार्यक्रम संचालन गरिएको थलोमा ठेगाना तथा सहयोगी निकायको नाम उल्लेखित बोर्ड राख्ने कार्य दोश्रो पक्षले अनिवार्य गर्नेछ।

| पहिलो पक्ष | दोश्रो पक्ष |
|---|---|
| (सम्वन्धित निकाय)........को तर्फबाट सहि गर्नेको | युवा उद्यमीको तर्फबाट सहि गर्नेको |
| नाम : | नामः |
| पद : | दस्तखत : |
| दस्तखत : | मिति : |
| मिति : | सम्पर्क नम्वरः |
| सम्पर्क नम्वरः | संस्थाको छाप : |
| कार्यालयको छाप : | |

औठाको छाप :

दायाँ वायाँ



सचिव

अनुसूची -५

व्यवसायिक गाई,भैसीपालन व्यवसायको प्रस्ताव छनौट गर्दा अपनाईने मूल्याङ्कनका आधारहरु

| क्र.सं. | द.नं. | आवेदकको नाम | ठेगाना | प्रस्ताविक कार्ययोजना (५) | व्यवसायको सम्भाव्यता/उपयुक्तता (२०) | | | | समाजिक समावेशिकरण (४०) | | | | | | | | | पालिरहेको गाई, भैसीको संख्या (१५) | | घाँस खेती गरेको जग्गा र चरनको क्षेत्रफल (१५) | | | जैविक तथा पर्यावरणीय सुरक्षा विधि (५) | कुल प्रासाङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | बजारको पहुच (५) | हावापानी (५) | सामाजिक स्विकार्य (५) | पशुको जात (५) | महिला (२) | एकल महिला (४) | द्वन्द पिडित (४) | मुक्त कमैया (५) | कमलरी (५) | आर्थिक रुपले विपन्न दलित (५) | अपाङ्ग (५) | मुक्त हलिया (५) | आर्थिक रुपले विपन्नजनजाती (५) | ५वटा सम्म पालेको (५) | ६ वटा देखि १०वटा सम्म पालेको (१०) | १५कठ्ठा सम्म (३) | १ विघा सम्म (५) | १ विघा भन्दा बढी (७) | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | |

मूल्याङ्कन समितिका पदाधिकारीहरुको

नाम :
पद :
दस्तखत :
मिति :

नाम :
पद :
दस्तखत :
मिति :

नाम :
पद :
दस्तखत :
मिति :

नाम :
पद :
दस्तखत :
मिति :

नाम :
पद :
दस्तखत :
मिति :

सचिव

अनुसूची -५(क)

भेडापालन व्यवसायको प्रस्ताव छनौट गर्दा अपनाईने मूल्याङ्कनका आधारहरु

| क्र.सं. | द.नं. | आवेदकको नाम | ठेगाना | प्रस्ताविक कार्ययोजना (५) | व्यवसायको सम्भाव्यता/उपयुक्तता (२०) | | | | समाजिक समावेशिकरण (४०) | | | | | | | | | पालिरहेको भेडा संख्या (१५) | | घाँस खेती गरेको जग्गा र चरनको क्षेत्रफल (१५) | | | जैविक तथा पर्यावरणीय सुरक्षा विधि (५) | कुल प्रासाङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | बजारको पहुच(५) | हावापानी (५) | सामाजिक स्विकार्य(५) | पशुको जात (५) | महिला(२) | एकल महिला(४) | द्वन्द पिडित(४) | मुक्त कमैया(५) | कमलरी (५) | आर्थिक रुपले विपन्न दलित (५) | अपाङ्ग (५) | मुक्त हलिया (५) | आर्थिक रुपले विपन्न जनजाती (५) | २० वटा सम्म पालेको (५) | २० भन्दा बढी पालेको (१०) | १५ कठ्ठा सम्म (३) | १ बिघा सम्म (५) | १ बिघा भन्दा बढी (७) | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | |

मूल्याङ्कन समितिका पदाधिकारीहरुको

नाम :
पद :
दस्तखत :
मिति :

नाम :
पद :
दस्तखत :
मिति :

नाम :
पद :
दस्तखत :
मिति :

नाम :
पद :
दस्तखत :
मिति :

नाम :
पद :
दस्तखत :
मिति :

अनुसूची -५(ख)

## युवा लक्षित व्यावसायिक बंगुर प्रवर्द्धन कार्यक्रम संचालनका लागि छनौट गर्दा अपनाईने मूल्याङ्कनका आधारहरु

| क्र.सं. | द.नं. | आवेदकको नाम | ठेगाना | प्रस्ताविक कार्ययोजना (५) | व्यवसायको सम्भाव्यता/उपयुक्तता (२०) | | | | समाजिक समावेशिकरण (४०) | | | | | | | | | पालिरहेको बंगुरको संख्या (२०) | | जैविक तथा पर्यावरणीय सुरक्षा विधि (१५) | कुल प्रासाङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | बजारको पहुच (५) | हावापानी (५) | सामाजिक स्विकार्य (५) | पशुको जात (५) | महिला (२) | एकल महिला (४) | द्वन्द पिडित (४) | मुक्त कमैया (५) | कमलरी (५) | आर्थिक रुपले विपन्न दलित (५) | अपाङ्ग (५) | मुक्त हलिया (५) | आर्थिक रुपले विपन्न जनजाती | ५वटा सम्म पालेको (८) | ६ वटा देखि १०वटा सम्म पालेको (१२) | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |

मूल्याङ्कन समितिका पदाधिकारीहरुको

नाम :
पद :
दस्तखत :
मिति :

नाम :
पद :
दस्तखत :
मिति :

नाम :
पद :
दस्तखत :
मिति :

नाम :
पद :
दस्तखत :
मिति :

नाम :
पद :
दस्तखत :
मिति :

सचिव

प्रदेश सरकार

## अनुसूची- ६

### युवा लक्षित कार्यक्रमको प्रगति विवरण पठाउने फारामको ढाँचा

१. उद्यमी कृषकको

नाम :

ठेगाना :

२. संचालित व्यवसायको

नाम:

ठेगाना :

३.आ.व.

४.प्रगति प्रतिवेदन अवधि: चौमासिक /वार्षिक

| क्र.सं. | कार्य विवरण | लक्ष्य | प्रगति | आई परेका वाधा अड्चनहरु | समाधानको लागि सुझावहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

ति ईकाई उत्पादित पदार्थको स्थानिय बजारको बिक्रि मूल्य :

........................... २................................ ३............................

युवा उद्यमीको नाम :

दस्तखत :

ठेगाना :

ति :



सचिव